भाग ३

नेपाल सरकार
अर्थ मन्त्रालयको सूचना

कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५

कर्जा सुरक्षण नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ मा संशोधन** : कर्जा सुरक्षण नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ:-

"(ञ) "प्राविधिक" भन्नाले पशु स्वास्थ्य सम्बन्धी विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट दिइने कम्तीमा तीन महिनाको तालिम प्राप्त व्यक्ति सम्झनु पर्छ ।"

(२) खण्ड (त) मा रहेका "नियम ३६, ३६ वा ३७ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "नियम ३६, ३७, ३८, ३९ र ३९क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (१) मा रहेका "सो कार्यालयले" भन्ने शब्दहरुको सट्टा "कोषले" भन्ने शब्द राखिएको छ ।

४. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) अनुसूची-३क. बमोजिमको ढाँचामा पशुधनको विवरण ।"

५. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेका "पैतीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ मा रहेका "म्याद समाप्त हुनु भन्दा साठी दिन अगावै" भन्ने शब्दहरुको सट्टा "म्याद समाप्त हुनु भन्दा तीस दिन अगावै" भन्ने शब्दहरु राखी सोही नियमको खण्ड (क) झिकिएको छ ।

७. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ मा रहेका "पशु सेवा कार्यालयको प्राविधिकले" भन्ने शब्दहरुको सट्टा "पशु सेवा कार्यालयको प्राविधिक वा कोषले तोकेको प्राविधिकले" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल नियमावलीको नियम ३५ मा संशोधन** : मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा,"

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) निर्यात व्यवसाय अन्तर्गत ऋणीलाई प्रवाह भएको कर्जा ।"

९. **मूल नियमावलीको नियम ३६ मा संशोधन** : मूल नियमावलीको नियम ३६ को उपनियम (१) को,-

(१) खण्ड (क) मा रहेका "पाँच लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) वैदेशिक रोजगारबाट सीप मूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत

लगानी गरिएको कर्जाको हकमा दश लाख रुपैयाँसम्म,"

(३) खण्ड (घ) मा रहेको "सात लाख" भन्ने शब्दहरुको सट्टा "पन्ध्र लाख" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **मूल नियमावलीमा नियम ३९क. थप** : मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क. थपिएको छ :-

"३९क. **निर्यात कर्जाको सुरक्षण** : (१) कोषले निर्यात कर्जा अर्न्तगत अनुसूची-११ को खण्ड (घ) मा उल्लिखित व्यवसायको लागि सदस्य संस्थाले प्रवाह गरेको दश लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

तर दुई लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा सदस्य संस्थाले त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको बाँकी साँवा व्याज जोड्दा हुन आउने रकमको प्रतिवर्ष एक प्रतिशतका दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ ।"

११. **मूल नियमावलीको नियम ४० मा संशोधन** : मूल नियमावलीको नियम ४० को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

(३क) नियम ३९क. को उपनियम (२) बमोजिमको सुरक्षण शुल्कको पचहत्तर प्रतिशत रकम नेपाल सरकारद्वारा कोषलाई अनुदान स्वरुप प्राप्त हुनेछ र बाँकी पच्चीस प्रतिशत रकम सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ ।"

१२. **मूल नियमावलीको नियम ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ को,-

(१) ठाउँ ठाउँमा रहेका "भुक्तानी दावी" भन्ने शब्दहरुको सट्टा "क्षतिपूर्ति दावी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को खण्ड (ख) मा रहेको "सम्पूर्ण" भन्ने शब्द झिकिएको छ ।

१३. **मूल नियमावलीको नियम ४३ मा संशोधन** : मूल नियमावलीको नियम ४३ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) बमोजिम कोषले दाबीको भुक्तानी दिँदा सदस्य संस्थाले नियम ३९क. बमोजिम सुरक्षण गरेको निर्यात कर्जाको हकमा दुई लाख रुपैयाँसम्मको कर्जाको बाँकी साँवा र ब्याज रकमको असी प्रतिशत र सोभन्दा माथि दश लाख रुपैयाँसम्मको कर्जाको हकमा बाँकी साँवा र ब्याज रकमको सत्तरी प्रतिशतका दरले दावीको भुक्तानी दिइनेछ ।"

१४. **मूल नियमावलीको नियम ४५ मा संशोधन** : मूल नियमावलीको नियम ४५ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) निर्यात कर्जाको हकमा कच्चा पदार्थ आयात गर्दा वा तयारी वस्तु निर्यात गर्दा त्यस्तो वस्तु ढुवानी गर्ने सवारी साधन दुर्घटना भएमा,"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) धितो लिई लगानी गरेको कर्जाको हकमा ऋणीले म्याद नाघेको छ महिनासम्म कर्जाको किस्ता नतिरेको र त्यस्तो कर्जा दुरुपयोग भएको भनी सदस्य संस्थाले कर्जा असूलीको लागि आवश्यक प्रक्रिया पूरा गरेको भएमा,"

१५. **मूल नियमावलीमा अनुसूची संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-३ पछि यसैसाथ संलग्न अनुसूची-३क. थपिएको छ ।

(२) अनुसूची-५ को सट्टा यसैसाथ संलग्न अनुसूची-५ राखिएको छ ।

(३) अनुसूची-११ को,-

(क) "अनुसूची-११" भन्ने शब्दहरु पछि रहेका "नियम ३७ को उपनियम (१) र नियम ३८ को उपनियम (१)" भन्ने शब्दहरुको सट्टा "नियम ३७ को उपनियम (१), नियम ३८ को उपनियम (१) र नियम ३९क. को उपनियम (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) निर्यात व्यवसाय :

(१) निर्यातजन्य उद्योगको लागि तयारी वस्तु उत्पादन गर्नको लागि आवश्यक पर्ने कच्चा पदार्थ तथा मेशिन तथा सामान आयात गर्न दिईने कर्जा,

(२) निर्यातजन्य उद्योगबाट उत्पादित वस्तु विदेश निर्यात गर्न दिइने कर्जा ।"

"अनुसूची-३क.

(नियम ७ को खण्ड (घ१) संग सम्बन्धित)

पशुधनको विवरण

मिति:.....

सदस्य संस्थाको नाम :

शाखा कार्यालय:

अवधि: मिति.....देखि .....सम्म

विवरण

सि.नं.	कर्जा	सुरक्षणकर्ताको			पशुधनको						कर्जा प्रदान गरेको		कर्जाको अन्तिम भुक्तानी मिति	सुरक्षण शुल्कको प्रतिशत	स्वास्थ्य परीक्षण र सङ्केत पट्टा लगाउँदाको खर्च	सुरक्षण शुल्क बापत प्राप्त रकम	कैफियत
		नाम र ठेगाना	पिता वा पतिको नाम	इच्छाएको व्यक्तिको नाम र थलो	पशुको किसिम र नाम	वैत र उमेर	उचाइ	प्रयोजन र मिति	स्वास्थ्य परीक्षण गरेको र सङ्केत पट्टा लगाएको मिति	सङ्केत पट्टा नं	मिति	सुरक्षण रकम					
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८
जम्मा																	

सदस्य संस्थाको तर्फबाट,-

दस्तखत:

नाम:

पद:

मिति.....

कार्यालयको छाप

नोट: सुरक्षण शुल्क आफैले चुक्ताएको हो वा कर्जा खातामा खर्च लेखी पठाएको हो सो कुरा कैफियतमा खुलाउनु पर्नेछ ।"

"अनुसूची-५

(नियम २३ को खण्ड (ग) सँग सम्बन्धित)

पशुधनको सुरक्षण विवरण

मिति.....

सदस्य संस्थाको नाम : अवधि: मिति.....देखि .....सम्म

शाखा कार्यालय: विवरण

सि.नं.	कर्जा	सुरक्षणकर्ताको			पशुधनको						कर्जा प्रदान गरेको		सुरक्षण लेख नं र जारी मिति	सुरक्षण शुल्क	सुरक्षण शुल्क बुझाएको अवधि देखि.....सम्म	कर्जाको अन्तिम भुक्तानी मिति	कैफियत
		नाम र ठेगाना	पिता वा पतिको नाम	इच्छाएको व्यक्तिको नाम र नाता	पशुको विवरण र नम्बर	वेत र उमेर	उचाइ	प्रयोजन र मिति	स्वास्थ्य परीक्षण गरेको र सङ्केत पट्टा लगाएको मिति	सङ्केत पट्टा नं	मिति	सुरक्षण रकम					
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८
जम्मा																	

सदस्य संस्थाको तर्फबाट,-

दस्तखत:

नाम:

पद:

मिति :.....

कार्यालयको छाप

नोट: सुरक्षण शुल्क आफैले बुझाएको हो वा कर्जा खातामा खर्च लेखी पठाएको हो सो कुरा कैफियतमा खुलाउनु पर्नेछ ।"

आज्ञाले,
लाल शंकर घिमिरे
नेपाल सरकारको सचिव

भाग ३

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०७६

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०५० मा संशोधनः निजामती सेवा नियमावली, २०५० को नियम १२३ को,-

(१) उपनियम (३ क) को सट्टा देहायको उपनियम (३क) राखिएको छ :-

"(३क) कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा सवारी दुर्घटनामा परी मृत्यु भएमा निजले पहिले गरेको सरकारी सेवाको अवधि जोड्दा निवृतभरण पाउन सक्ने अवस्था रहेछ भने नेपाल सरकारले निवृतभरणको लागि निजको पहिलेको सेवा अवधि जोड्ने निर्णय गर्न सक्नेछ।"

(२) उपनियम (३क) पछि देहायको उपनियम (३ख) थपिएको छ :-

"(३ख) यस नियममा लेखिएदेखि बाहेक अन्य कुनै प्रकृयाद्वारा पहिलेको सेवा अवधि जोडाउन र सेवा अवधि थप गरी सुविधा लिन पाईने छैन ।"

आज्ञाले,
यादव प्रसाद कोइराला
नेपाल सरकारको सचिव